2058
SAHAMATI

# Flood Responce In Nawalparasi

## Terms of Reference (TOR)

सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा नवलपरासी जिल्ला अर्न्तगतका विभिन्न गाउँपालिका तथा नगरपालिकाहरुमा संचालित "Flood Responce In Nawalparasi" का लागि तल उल्लेखित सामग्री खरिद गर्नुपर्ने भएकोले TOR मा उल्लेखित शर्त अनुसार आपूर्ति गर्न इजाजत प्राप्त ईच्छुक आधिकारिक डिलर, सप्लायर्स स्थानीय/राष्ट्रिय कम्पनी, फर्म तथा आपूर्तिकर्ता बाट सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि आह्वान गरिन्छ ।

शर्तहरु :

१. नेपाल सरकार बाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक संस्था यो बोलपत्रको लागि योग्य हुनेछ ।
२. अनुसूची १ मा उल्लेख गरिएको सामग्रीहरूको विस्तृत विवरण र गुणस्तरको आधारमा प्रति इकाई दररेट पेश गर्नुपर्ने हुन्छ । दरभाउ पत्र पेश गर्दा सामग्रिहरुको हकमा उत्पादन कम्पनी, ग्यारेन्टी, वारेन्टी आदि पनि स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ ।
३. आपूर्तिकर्ताले उल्लेखित परियोजनाको कार्यक्षेत्र सम्म ढुवानी गर्नु पर्नेछ ।

४. कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचना प्रकाशन भएको मिति भित्र बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएका बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

५. बोलपत्र दर्ता गर्ने अन्तिमदिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ ।

६. बोलपत्र कागजातको मूल्य अंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथमकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरा रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

७. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ।

८. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेतासँग वार्षिक सम्झौता गरिनेछ।

९. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

१०. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट (उल्लेखित अनुसूची १ मा उपलब्ध फारम नमूना अनुसार)

ख. फर्मदर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

११. छनोट भएको सप्लायर्स सँग खरिद गरिने सामग्रीको कुल मुल्यको ५ प्रतिशत बैंक ग्यारेन्टी सम्झौता गर्नु अगावै परियोजना कार्यालयमा पेश गर्नुपर्नेछ।

१२. बोलपत्र पेश गर्दा अनिवार्य रुपमा यस TOR मा सम्लग्न अनुसूचि १ भरि प्रत्येक पानामा हस्ताक्षर गरि अन्यकागजात सहित पेश गर्नुपर्नेछ।

१४. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ।

उल्लेखित दरभाउपत्र सिलबन्दी खाममा **"Flood Responce** सामाग्री खरिद" लेखी मिति २०७८/०६/०४ गते (20th September 2021) बेलुका ५:०० बजे भित्र **सहमति** केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासमा वा हुलाक/कुरियर तथा procurement@sahamati.org मा ईमेल मार्फत बुझाउन सकिनेछ।

१५. सामाग्री खरिदको TOR/Bidding documents सम्बन्धित संस्थाको वेभसाइटः http://www.sahamati.org/notice बाट प्राप्त गर्न सकिनेछ।

## अनुसूची १: सामग्रीको दर भाउ पत्र

| क. स | सामग्रीको नाम/ विवरण | स्पेशी फिकेशन | इकाई | परिमाण | दर रेट अंकमा रु.(भ्याट सहित) | अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Blanket Medium Quality 200*240cm<br>बलाङकेट मिडियम क्वालिटि २००*२०० से.मि | | Pcs | 300 | | | |
| २ | Nepali 7*8 Medicated Super net 4 corner<br>नेपालि ७*८ मेडिकेटेड सुपर झुल | | Pcs | 300 | | | |
| ३ | Water Filter Steel body 21L With two Candel<br>पानि फिल्टर स्टिलको २१ लिटर २ वटा क्यान्डल सहित | | Pcs | 300 | | | |
| ४ | Aluminium Kadai Round size no 1-6<br>एल्युमिनियम कडाई गोलाकार १-६ | | KG | 35 | | | |
| ५ | Aluminium Depchi<br>एल्युमिनियम दिप्ची | | KG | 35 | | | |
| ६ | Serving Spoon Steel Medium Size good quality<br>पनिउ स्टिल | | Pcs | 35 | | | |
| ७ | Serving Dal Spoon Steel Medium Size good quality<br>डाडु स्टिल | | Pcs | 35 | | | |
| ८ | Metalic Wood Cooking Stove<br>आधुनिक दाउरे चुलो | | Pcs | 35 | | | |

**नोट :**

क) सामग्रीको अनुमानीत संख्यामा आवस्यकता अनुसार थपघट वा कुनै सामग्री रद्ध हुन सक्ने छ जसको लागि कोटेशनदाताले खरिद आदेश अनुसार स्वीकृत दरमा भुक्तानी पाउने छ। सामग्रीको गुणस्तर, यस परियोजना द्धारा फिल्ड अनुगमन मार्फत प्राविधिक निरिक्षण बाट निर्धारण गरिने छ।

ख) अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ। माथि उल्लेखित मुल्यमा भ्याट समावेश गर्नुपर्नेछ।

नामः मितिः छापः हस्ताक्षरः